Funded by the European Union

roots of circularity Nepal

IMPACT HUB Kathmandu

IMPACT HUB

Wildlife conservation NEPAL

# — रुट्स अफ सर्कुलारीटि (RoC) इनक्यूबेटर कार्यक्रम २०२६: बागमती कोहोर्ट ३







## आवेदनका लागि आह्वान - बाग्मती प्रदेश

RoC इनक्यूबेटर कार्यक्रम - बागमती कोहोर्ट ३ का लागि हामीले अहिले बाग्मती प्रदेशमा रहेका चक्रिय अर्थतन्त्र सम्बन्धी पहलहरू समावेश गर्न इच्छुक र क्षमता भएका लघु तथा साना उद्यम र स्टार्टअपहरूबाट आवेदनहरू स्वीकार गरिरहेका छौं।

## आवेदन भर्नका लागी:

QR स्क्यान गर्नुहोस्
गूगल फारम भर्नुहोस् ।

**आवेदनको अन्तिम मिति:**

**१७ चैत २०८२ वि. स. (३१ मार्च २०२६) |
राति ११.५९ बजे (नेपाली समय)**

**तपाईंका कुनै प्रश्नहरू वा जिज्ञासाहरु छन् भने, कृपया roc.nepal@impacthub.net मा सम्पर्क गर्नुहोस् वा हाम्रो वेबसाईट https://rootsofcircularity.com/ मा जानुहोस् ।**

## संस्थागत परिचय

इम्प्याक्ट हब काठमाण्डौ **(IH KTM)** नेपालमा महिला नेतृत्वमा रहेको एक गैर-नाफा- मुलक संस्था हो, जुन २०१५ को भूकम्पपछि स्थापना भएको थियो । यस संस्थाको स्थापना कुनैपनि विपदलाई नवप्रवर्तनको माध्यमद्वारा अभिप्रेरित गर्नेगरी प्रयोग गर्न सकिन्छ भन्ने अवधारणामा आधारित थियो। यो संस्था एक पहुँचयोग्य, सुरक्षित र समावेशी नवप्रवर्तनकारी सामुदायिक केन्द्रको रूपमा विकसित भएको छ । यसलाई नयाँ सोंच भएका व्यक्ति , उद्यमी, सरोकारवालाहरु र परिवर्तन चाहनेहरुको लागि भेटघाट गर्न , काम गर्न , संजाल निर्माण र सिकाइका लागि सिर्जनात्मक ठाउँको रूपमा स्थापित गरिएको हो । यसले सामाजिक र वातावरणीय चुनौतीहरूको समाधानका लागि नयाँ विचारहरूलाई उत्प्रेरित गर्ने काम गर्दछ । वर्तमान अवस्थामा इम्प्याक्ट हब ६० भन्दा बढी देशहरूमा फैलिएको १००भन्दा बढी इम्प्याक्ट हबहरूको विश्वव्यापी सञ्जालको एउटा हिस्सा हो । यो सञ्जालले विभिन्न क्षेत्र र विषयहरूमा कार्य गर्दै, क्षमतावान व्यक्तिहरूका योजनाहरुलाई कार्यान्वयनमा ल्याउन सहजीकरण गर्दछ ।

## रुट्स अफ सर्कुलारीटि : परिचय

युरोपियन युनियनको सहयोगमा संचालित रुट्स अफ सर्कुलारीटि परियोजना इम्प्याक्ट हब एँशोसिएसन (IHA) ले इम्प्याक्ट हब काठमाण्डौ (IH KTM) र वन्यजन्तु संरक्षण संघ नेपाल (WCN) सँग सहकार्य गरेर संचालनमा ल्याएको चार बर्षे परियोजना हो । यस परियोजनाको उद्देश्य नेपालमा चक्रिय अर्थतन्त्र (Circular Economy) लाई उद्यमशिलता मार्फत प्रवर्द्धन गर्नु हो । चार वर्षको अवधिमा, यो परियोजनाले बागमती र लुम्बिनी प्रदेशमा केन्द्रित रहेर विभिन्न गतिविधिहरु संचालन गर्नेछ, जसको मुख्य लक्ष्य उद्यमशील वातावरण र त्यसैसँग सम्बन्धित नीति निर्माणमा सहकार्य गर्दै नागरिक संलग्नतामा चक्रिय अर्थतन्त्रका सिद्धान्तहरूलाई आत्मसात् गराउनु हो । यस परियोजनाले नागरिक समाजका संघ-संस्थाहरूसँग सहकार्य गर्नेछ, स्टार्टअप अन्तर्गतका सूक्ष्म, साना, र मध्यम स्तरका उदयमहरूलाई सशक्त बनाउन, निजी क्षेत्र, प्रादेशिक र स्थानीय सरकार, नीति निर्माता र शैक्षिक संस्थाहरूलाई चक्रिय अर्थतन्त्रको प्रवर्द्धन र विकासका लागि सरोकारवालाहरुसंग सहकार्य गर्न मद्दत गर्नेछ ।

### परियोजनाको पृष्ठभूमि

इम्प्याक्ट हब काठमाण्डौ **(IH KTM)** ले लुम्बिनी र बागमती प्रदेशका स्थानीय सरकारका अधिकारीहरू, व्यवसाय र व्यावसायिक संघसंस्था, शैक्षिक क्षेत्र, र अन्तर्राष्ट्रिय संस्थाहरू साथै अन्य सम्बन्धित सरोकारवालाहरु सँग सम्भाव्यता अध्ययन सम्पन्न गरिसकेको छ । यी अध्ययनहरूले महामारीको बाबजुद पनि पर्यटन, सम्पदा, कृषि व्यवसाय, निर्माण, र उत्पादन जस्ता क्षेत्रहरू उदाउँदै गरेको बजार को रुपमा देखाएको छ । साथै, स्थानीय अधिकारीहरूले आफ्नो ईन्टरप्राईज ईकोसिस्टम मजबुत बनाउन व्यावसायिक इनक्यूबेटरहरू स्थापना गनुपर्ने भनेर चासो लिएको पनि देखिएको छ । यो क्रियाकलापले ईन्टरप्राईज ईकोसिस्टमका सरोकारवालाहरू र नागरिक समाजलाई एकै ठाउँमा ल्याउने अवसर पनि प्रदान गर्दछ, जसले उनीहरुको विशेषज्ञता, ज्ञानलाई साझा गर्दै चक्रिय अर्थतन्त्रको प्रवर्द्धन र कार्यान्वयन गर्न सघाउनेछ भनि विश्वास गर्न सकिन्छ । यो कार्यक्रम मार्फत विद्यमान प्रयासहरूलाई आधार मानेर युवा,

विद्यार्थी, उद्यमी, सूक्ष्म, साना र मध्यमस्तरका उद्यमहरू (MSMEs)[1], नागरिक समाजमा आबद्द संस्थाहरू र सार्वजनिक संस्थाहरूसंग मिलेर काम गर्ने योजना बनाएको छ । जनचेतना अभिवृद्धि, शिक्षा, क्षमता विकास र प्रारम्भिक वित्तीय सहयोग प्रदान गरेर यी यावत क्रियाकलापले नेपालमा चक्रिय अर्थतन्त्र सम्बन्धी छलफललाई अझ उचाइमा पुर्‍याउने र चक्रिय अर्थतन्त्रमा योगदान दिने प्रयासहरु थालनी गर्ने कुराको अपेक्षा पनि यसमार्फत गरिएको छ ।

## प्रमुख उद्देश्य

बाग्मती र लुम्बिनी प्रदेशमा कुल ६० सूक्ष्म, साना, र मध्यम स्तरका उद्यमहरू लाई लक्षित गरि चक्रिय अर्थतन्त्रमा आधारित क्षमता अभिवृद्धी कार्यक्रमहरु संचालन गरिनेछ, र तिनीहरूलाई नविन तथा सृजनशील चक्रिय व्यावसायिक मोडेल अवलम्बन गरेका उद्यमीहरुलाई आर्थिक सहयोग गरिनेछ । हरेक वर्ष, एउटा प्रदेशबाट १० वटाका दरले इनक्यूबेटर कार्यक्रमका लागि उद्यमहरु छनौट गरिनेछन्, जसले चक्रिय व्यवसाय मोडेलहरू विकास गर्न र इनक्यूबेसन तथा प्रि-एक्सेलेरेशन कार्यक्रम मार्फत आफ्नो क्षमता निर्माण र अभिवृद्धि गर्न सकुन् भन्ने उद्देश्य राखेर नै गरिएको हो । एवं प्रकारले चक्रिय अर्थतन्त्रका सिद्धान्तहरूलाई समाधानको रूपमा अपनाउँदै यो कार्यक्रम अघि बढ्नेछ ।

## बाग्मती प्रदेशमा रुट्स अफ सर्कुलारीटि (RoC) इनक्यूबेटर कार्यक्रम

रूट्स अफ सर्कुलारिटी (RoC) इनक्यूबेटर कार्यक्रमले उद्यम र उद्यमीलाई आफ्नो व्यवसायमा चक्रिय अर्थतन्त्रका सिद्धान्त, दृष्टिकोण र रणनीतिहरूलाई अपनाउन सहयोग प्रदान गर्नेछ । छनौट गरिएका उद्यमीलाई चक्रिय समाधानहरू डिजाइन र विकास गर्न तथा चक्रियातामा आधारित व्यावसायिक योजना तयार गर्न मार्गदर्शन प्रदान गरिनेछ ।

यो कार्यक्रमलाई दुई चरणमा विभाजन गरिएको छ । पहिलो चरण - "परिकल्पना र इनक्यूबेसन" हो जुन आठ महिनाको हुनेछ । परिकल्पना चरणमा मानव केन्द्रित डिजाइन स्प्रिन्ट मार्फत इनक्यूबेटिहरूले आफ्नो चक्रिय समाधानहरू पहिचान गर्ने दिशामा काम गर्नेछन् । इन्क्युबेसन चरणमा भने ११ वटा मास्टरक्लासहरू तथा प्रत्येक महिना एक - एक गरी व्यक्तिगत रुपमा कोचिङ सत्रहरू सञ्चालन गरिनेछ । RoC इन्क्युबेटर कार्यक्रमको दोस्रो चरण: प्रि-एक्सेलेरेसन, पहिलो चरणपछि तीन महिनासम्म सञ्चालन हुनेछ । यस चरणमा, उक्त कोहोर्टबाट एकदेखि दुई इनक्यूबेटिहरू प्रि–एक्सेलेरेसन चरणका लागि छनोट गरिनेछ । छनौट उनीहरूको आवश्यकता, रुचि, र आफ्नो व्यवसाय मोडेललाई विस्तार वा स्केल गर्न थप वित्तीय पहुँचबाट सबैभन्दा बढी लाभ लिन सक्ने आधारमा गरिनेछ। यस अवधिको अन्त्यमा सम्पूर्ण कोहोर्टले कार्यक्रमबाट “ग्राजुएट” हुनेछन्।

रूट्स अफ सर्कुलारिटी (RoC) इनक्यूबेटर कार्यक्रमको मुख्य उद्देश्य बाग्मती प्रदेशका १० उद्यमहरूलाई चक्रिय व्यवसाय मोडेलहरू मार्फत विकासगरि सक्षम बनाउनु हो । प्रत्येक उद्यमले कार्यक्रमको समयमा पुंजी को रूपमा आर्थिक सहयोग प्राप्त गर्नेछन् । कार्यक्रमले महिला, युवा, र दलित, LGBTQIA+ लगायतका न्यून प्रतिनिधित्वमा परेका समुदाय र जातजातिहरू र तिनै समुदायहरुको नेतृत्वमा रहेका स्टार्टअपहरू र साना तथा मझौला उद्यमहरूलाई प्राथमिकता दिनेछ र साथै परिवर्तन प्रक्रियामा उनीहरूको सहभागितालाई समर्थन गर्नेछ ।

---

[1] MSMEs लाई औद्योगिक उद्यम ऐन २०२० र सम्बन्धित अनुसन्धान पत्रको सन्दर्भमा कर्मचारी/रोजगारको संख्याको आधारमा परिभाषित गरिनेछ। उदाहरणका लागि, माइक्रोमा ९ कर्मचारीहरू, सानोमा ५-१९ कर्मचारीहरू र मध्यममा २०-९९ कर्मचारीहरू छन्, जबकि यो भिन्नतामा आधारित स्टार्टअपहरू ५ भन्दा कम कर्मचारीहरू हुनेछन्।


kathmandu@impacthub.net // +९७७-१-५४३०२२९ // PAN नं. ६०३५७०२१२
वडा नं. ३, पुल्चोक, ललितपुर, नेपाल

## रुट्स अफ सर्कुलारिटी (RoC) इनक्यूबेटर प्रोग्राममा किन आवेदन दिने ?

छनौट भएका इनक्यूबेटिहरूलाई निम्नलिखित फाईदाहरू प्राप्त हुनेछन्:

- आर्थिक सहयोग: छानिएका १० उद्यमहरूले आर्थिक सहयोग (प्रति उद्यम लगभग २,७७७ यूरो[2]) पाउनेछन् जसले उनीहरूको चक्रिय समाधानहरू र व्यापार मोडेललाई सहयोग पुग्नेछ ।
- मानव केन्द्रित डिजाइन स्प्रिन्ट: डिजाइन थिन्किङ दृष्टिकोण प्रयोग गर्दै ३–४ दिनको मानव केन्द्रित डिजाइन स्प्रिन्ट प्रक्रिया मार्फत छनौट भएका १० उद्यमहरूले आफ्नै व्यवसायका लागि चक्रिय समाधानहरूको अवधारणा विकास गर्नेछन् ।
- मास्टरक्लास: छनौट भएका १० उद्यमहरूले मासिक रुपमा संचालन हुने मास्टरक्लास मार्फत क्षमता अभिवृद्धि गर्नेछन्, जसले चक्रिय अर्थतन्त्र, यसको योजनाहरू, चक्रिय वित्त, र व्यापार योजना विकासलाई आवश्यकता अनुरुप प्रस्तुत गर्नेछ । मास्टरक्लासहरू इनक्यूबेटर प्रोग्रामको पाठ्यक्रममा आधारित हुनेछन् । ती यस प्रकार छन्:

  महिना १: सर्कुलर इकोनोमी (चक्रिय अर्थतन्त्र) को परिचय
  - १.१: चक्रिय मनोवृत्ति / मानसिकताको विकास

  महिना २: चक्रिय फाइनान्स र प्रि–सीड कोष

  महिना ३: चक्रिय रणनीति
  - ३.१: सरोकारवाला / इकोसिस्टम म्यापिङ
  - ३.२: भिजिबिलिटी र ब्रान्डिङ

  महिना ४.१: वातावरणीय अभ्यासहरू
  - ४.२: लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (GEDSI) कार्यशाला

  महिना ५: चक्रिय व्यवसायको मोडेल क्यानभास कार्य सत्र

  महिना ६: व्यवसाय योजना विकास

  महिना ७: पुनरावलोकन र परियोजना - अघिल्लो सत्रहरूमा सिकाइएका कुराहरू सम्झन र योजना बनाउने (चक्रिय रोडम्याप)
- कोचिङ सत्रहरू: छानिएका १० उद्यमहरूलाई कम्पनीका प्रमुख लक्ष्यहरु पुरा गर्न मार्गदर्शन गर्नेगरी मासिक रूपमा व्यक्तिगत व्यवसाय, वित्तीय, र प्राविधिक कोचिङ सत्रहरू[3] प्रदान गरिनेछ ।
- नेटवर्किङ र सहकार्य: छानिएका १० उद्यमहरूले ईम्प्याक्ट हब काठमाडौं को उद्योग विशेषज्ञहरू, संस्था, र प्राविधिक सल्लाहकारहरूको संजालसंग भेटघाट गर्ने अवसर पाउनेछन्, जसको माध्यमबाट उनीहरूले सम्भावित बजार सँगको सम्पर्क स्थापना गरेर आफ्नो व्यवसायलाई प्रबर्धन गर्न सक्नेछन् ।

## छनौट प्रक्रिया

रुट्स अफ सर्कुलारिटी (RoC) इनक्यूबेटर परियोजनाले यो बर्षको लागि बाग्मती प्रदेशबाट १० जना उद्यमीहरू छनौट गरिनेछ । छनौट प्रक्रिया दुई चरणको हुनेछ, पहिलो चरणको छनौट परियोजना टोलीले आन्तरिक रूपमा गर्नेछ । पहिलो चरणको स्कोरिङ तल दिइएको चयन मापदण्डको आधारमा गरिनेछ। स्कोरिङ प्रक्रियामा, आवेदनकर्ताहरूलाई थप स्पष्टिकरण वा सन्दर्भ जाँचको लागि टोलीबाट फोन पनि आउन सक्छ । पहिलो चरणको स्कोरिङबाट उत्कृष्ट १५ आवेदनकर्ताहरूलाई पेश गरिएको आवेदनको आधारमा चयन गरिनेछन् र व्यक्तिगत अन्तर्वार्ताका लागि आमन्त्रित गरिनेछ । कृपया ध्यान दिनुहोस् कि यदि तपाईंलाई परियोजना मार्फत इमेल प्राप्त भएन भने, तपाई दोस्रो चरणको छनौट प्रक्रियामा सहभागीहुन सक्नुहुने छैन ।

[2] समय अनुसार एक्सेन्ज दर लागू हुनेछ

दोस्रो चरणको छनौट प्रक्रियामा, व्यावसायिक इनक्यूबेसन, चक्रिय व्यावसायिक मोडेल, इन्जिनियरिङ, उत्पादन विकास, विविधता, समानता र समावेशिता, वातावरण र जलवायु परिवर्तनमा अनुभव भएका विशेषज्ञहरूको अन्तर्वार्ता तथा मूल्यांकन प्यानल द्वारा गरिनेछ । व्यक्तिगत अन्तर्वार्तापछि १० आवेदनकर्ताहरूलाई इनक्यूबेसन कार्यक्रमको लागि अन्तिम छनौट गरिनेछ । कृपया ध्यान दिनुहोस् कि दोस्रो चरणबाट अन्तिम छनौटमा परेका उम्मेदवारहरूलाई इमेल र फोन कलको माध्यमबाट कार्यक्रममा सहभागिताको लागि जानकारी गराइनेछ ; जबकी छनौट नभएका उम्मेदवारहरुलाई परियोजना टोलीबाट इमेल मार्फत जानकारी दिईनेछ ।

## योग्यता मापदण्ड

बाग्मती प्रदेशमा व्यावहारिक कार्यान्वयनतिर उन्मुख र दर्ता गरि संचालनमा रहेका स्टार्टअप सूक्ष्म, साना, र मध्यम स्तरका उद्यमहरू आवेदनको लागि योग्य हुनेछन । प्राथमिकता निम्नलाई दिइनेछ:

- उद्यमहरू : चक्रिय अर्थतन्त्र सम्बन्धी पहलहरू समावेश गर्न इच्छुक र क्षमता भएका सबै व्यापार क्षेत्रहरूबाट स्टार्टअप, सूक्ष्म, साना तथा मझौला उद्यम व्यवसायी (MSMEs) हरू आवेदन दिन योग्य हुनेछन् (ट्रेडिङ व्यवसायहरू बाहेक) ।
- दर्ता स्थिति : नेपाल सरकारको कानून अनुसार दर्ता भएका स्टार्टअप सूक्ष्म, साना, र मध्यम स्तरका उद्यमहरू योग्य हुनेछन् ।
- सञ्चालन : बाग्मती प्रदेशभरि कम्तिमा ६ महिना देखि एक वर्षसम्म सञ्चालनमा रहेका स्टार्टअप सूक्ष्म, साना, र मध्यम स्तरका उद्यमहरूबाट प्राप्त आवेदनहरु योग्य प्राथमिकतामा पर्नेछन् ।
- स्थान : व्यवसाय बाग्मती प्रदेशमा अवस्थित हुनुपर्नेछ ।
- आवेदन: आवेदकले आवेदन प्रक्रियालाई पूर्ण रुपमा पालना गर्न आवश्यक छ । आवेदन फारम मा सोधिएका सबै प्रश्नहरूको उत्तर दिनुपर्नेछ । आवश्यक सबै जानकारी आवेदन फारममा पूर्ण रुपमा प्रदान गर्नुपर्नेछ ।
- उत्पादन र सेवाहरू : बजारमा मूलभूत विशेषता (न्यूनतम व्यावहारिक उत्पादन[4] - उत्पादन सफलतापूर्वक व्यावसायिकीकरण गर्न सकिन्छ भनेर पुष्टि गर्नको लागि आवश्यक गुणस्तरको पारिक्षण गरेको हुनुपर्नेछ ।)

सूचना: हामी बाग्मती प्रदेश भित्र रहेका नव उद्यमीहरुको लागि छनोट प्रक्रिया घोषणा गर्न पाउँदा खुसी छौं, जसमा समावेशीता र लैङ्गिक समानता कायम गर्ने हाम्रो उद्देश्य छ । महिला, युवा, र दलित, **LGBTIQA+** जस्ता न्युन प्रतिनिधित्व भएका समुदाय र जातीहरुलाई आवेदन दिन प्रोत्साहित गर्दछौ र प्राथमिकतामा राखेका छौ ।

उपलब्ध १० सहभागी स्लटहरू मध्ये, ५ महिलाद्वारा संचालित व्यावसायहरूलाई छुट्याइनेछ । ५०% भन्दा बढी जनसङ्ख्या महिलाहरुको रहेको बुझाई र तथ्यलाई ध्यानमा राख्दै, यो निर्णयले समान र उचित प्रतिनिधित्व सुनिश्चित गर्ने हाम्रो प्रतिबद्धता रहेको छ । यसको उद्देश्य कार्यक्रम मार्फत महिलाहरूका लागि थप अवसरहरू सिर्जना गर्नु हो र हामी विश्वस्त छौं कि यस दृष्टिकोणले लुम्बिनी कोहोर्ट को समग्र सफलता र प्रभावमा योगदान पुर्‍याउनेछ ।

सहभागीहरुलाई उपलब्ध गराईने कुल १० स्लटहरू मध्ये, कम्तिमा २ स्लटहरू सीमान्तकृत समूहहरू जस्तै कम प्रतिनिधित्व भएका समुदाय र जातिहरू (दलित, **LGBTQIA+** अन्य) को स्वामित्व भएकाहरुलाई छुट्याइनेछ ।

[3] प्राविधिक सत्रहरू उद्यमको आवश्यकताहरू अनुसार प्रदान गरिनेछ

मूल्याङ्कन मापदण्ड
सबै आवेदकहरूलाई छनोटको पहिलो (आवेदन फारम) र दोस्रो चरण (१-१ अन्तर्वार्ता) को लागि तलका मापदण्डको आधारमा मुल्यान्कन गरिनेछ ।

| क्र.स | मूल्याङ्कन मापदण्ड | मापदण्ड विवरण | स्कोरिङ स्केल व्याख्या |
|---|---|---|---|
| १ | टोली प्रतिनिधित्व | स्पष्टता, आत्मविश्वास, सामाजिक र वातावरणीय प्रभाव र समाधानहरू, र विविधता, समानता र सामाजिक समावेशीकरण समूह स्थापित गर्ने प्रतिबद्धता भएको । | स्कोरिङ स्केल (अधिकतम अङ्क ५)<br><br>क)अङ्क ५: सबै पक्षमा उत्कृष्ट प्रदर्शन (प्रतिबद्धता, विविधता, सामाजिक समावेशीता, ईमानदारी) ।<br><br>ख) अङ्क ४: धेरै पक्षमा उत्कृष्ट प्रदर्शन ।<br><br>ग) अङ्क ३: धेरै पक्षमा मध्यमभन्दा बढी प्रदर्शन ।<br><br>घ) अङ्क २: सामान्य प्रदर्शन (सिमित प्रतिबद्धता, विविधता, समावेशीता) ।<br><br>ङ) अङ्क १: न्यून प्रदर्शन (सुधार आवश्यक) । |
| २ | सामाजिक प्रभाव | समुदाय र एकता को भावना प्रवर्द्धन गर्ने प्रयास स्वरूप उत्कृष्ट प्रदर्शन गर्न सक्ने । पहलहरू नवीन, समावेशी, र समुदायको समन्वय र विकासमा महत्वपूर्ण सकारात्मक प्रभाव पर्ने किसिमका हुनुपर्ने ।<br><br>रोजगारी सिर्जना गर्ने सक्ने दिगो र स्थानीय अर्थतन्त्रमा रूपान्तरणकारी प्रभाव पार्ने उद्यमहरु ।<br><br>त्यस बाहेक , कम्पनीले आफ्नो व्यवसाय मार्फत समाधान गर्न खोज्ने विशिष्ट सामाजिक समस्याको समाधान प्रस्तुत गर्न सक्षम हुनुपर्ने । | स्कोरिङ स्केल (अधिकतम स्कोर ५)<br><br>क) स्कोर ५: उच्च स्तरका रुपमा समुदाय निर्माणका पहलहरु / सक्रिय रोजगारी सिर्जना गर्न सक्ने । असाधारण प्रभावकारी रुपान्तरण ल्याउने शैक्षिक पहलहरु भएको ।<br><br>ख) स्कोर ४: उल्लेखनीय रोजगारी सिर्जना गरेको प्रभावकारी समुदाय संलग्नता / उत्कृष्ट शैक्षिक प्रभाव पार्ने सफल ।<br><br>ग) स्कोर ३ : मध्यमरुपमा रोजगारी सिर्जना / मध्यमरुपमा समुदाय निर्माण प्रयास / उद्यमद्वारा मध्यमरुपमा शैक्षिक पहलहरू<br><br>घ) स्कोर २: केही रोजगारी सिर्जना गरेको / केही समुदाय संलग्न गतिविधिहरू / केही शिक्षण कार्यक्रम सुरू गरिएका ।<br><br>ङ) स्कोर १: रोजगारी सिर्जना नभएको, सामुदायिक सहभागिता न्यून । |

[4] यसले आधारभूत विशेषताहरू भएको उत्पादनको संस्करणलाई जनाउँछ जुन प्रारम्भिक ग्राहकहरूले प्रयोग गर्न सक्छन् र भविष्यको विकासका लागि प्रतिक्रिया दिन सक्छन्

| | | | |
|---|---|---|---|
| ३ | वातावरणीय प्रभाव | क) कम्पनीको वातावरणमा प्रत्यक्ष प्रभाव पारेको ।<br><br>ख) कम्पनीले उपभोक्ताहरूमा वातावरणीय प्रभाव वारे सचेतना पुऱ्याएको ।<br><br>ग) कम्पनीले वातावरणको बारेमा मात्र सचेतना बढाएको तर वातावरणमा प्रत्यक्ष प्रभाव नपारेको ।<br><br>घ ) कम्पनीको प्रयास न्यूनतम रहेको, चेतनाको स्तर न्यून भएको साथै कुनै रणनीति नभएको ।<br><br>ड.) कम्पनीको वातावरणमा कुनै असर नरहेको । | स्कोरिङ स्केल (अधिकतम स्कोर ५)<br><br>क) स्कोर ५: सकारात्मक वातावरणीय प्रभाव सिर्जना गर्ने उच्च स्तरको प्रतिबद्धता।, वातावरणमा सक्रिय योगदान ।<br><br>ख) स्कोर ४: वातावरणीय रणनीतिहरू र अभ्यासहरू सक्रिय रूपमा कार्यान्वयन<br><br>भएको, र यसको समाधानमा नवीनता भएको ।<br><br>ग) स्कोर ३: संचालन स्तरमा विभिन्न उपायहरू स्पष्ट भएको र समावेश गर्न सुरु गरेको , तर सुधार गर्न आवश्यक रहेको ।<br><br>घ) स्कोर २: रणनीतिहरू वा अभ्यासहरू लागू गर्न सुरु गरेको तर व्यवसाय मोडेलहरु संचालन स्तरमा पूर्ण रूपमा लागु नगरिएको ।<br><br>ड.) स्कोर १: वातावरणीय समस्याहरूको समाधान गर्न कुनै पहल वा अभ्यासहरू नगरिएको । वातावरणीय समस्या समाधानमा खासै भूमिका नदेखिएको । |
| ४ | वित्तीय व्यवहार्यता | व्यवसाय सञ्चालन उद्देश्यहरू प्राप्त गर्ने र आफ्नो ध्येय पूरा गर्ने क्षमता, जसले आय उत्पादन, विविधित आय स्रोत र व्यवसायको स्थायित्व का लागि रणनीतिक योजना बनाउँछ। यसलाई आपूर्ती र वितरण श्रृंखला यौजना, बजारको समझ , ग्राहक वर्गीकरण, कानुनी परिवेशको चेतना र नविनतम विचारहरुलाई आत्मसाथ गर्न सक्ने क्षमता भएको । | स्कोरिङ स्केल (अधिकतम स्कोर ५)<br><br>क) अङ्क ५: आर्थिक व्यवहार्यता उच्च ।<br><br>ख) अङ्क ४: स्पष्ट रणनीति र चक्रीय अर्थतन्त्रको प्रयास ।<br><br>ग) अङ्क ३: स्पष्ट दिशा र रणनीति निर्माण ।<br><br>घ) अङ्क २: आर्थिक व्यवस्थापनमा प्रारम्भिक प्रयास ।<br><br>ङ) अङ्क १: आर्थिक व्यवहार्यता न्यून । |

| | | | |
|---|---|---|---|
| ५ | स्केलेबिलिटी /वृद्धी | भविष्यमा व्यवसाय वृद्धि गर्ने सम्भावना -व्यवसायमा दीर्घकालीन दृष्टिकोण, स्पष्ट उद्देश्य तथा विकासप्रतिको समाधानमुखी क्षमता विद्यमान भएको हुनुपर्ने । हालको सञ्चालन प्रणालीलाई कायम राख्दै, वा सोभन्दा बढी खर्च नगरी व्यवसाय विस्तार गर्न सक्ने सम्भाव्यता झल्किएको हुनुपर्ने ।<br><br>यस सम्भावनालाई लचिलो सञ्चालन संरचना, सहकार्यमा आधारित रणनीति, प्रविधिमा आधारित दक्षता, दिगो आर्थिक योजना र लगानी संयोजन, साथै बजार मागअनुसार रूपान्तरणको क्षमता मार्फत कार्यान्वयन गर्न सक्ने सामर्थ्य रहेको हुनुपर्ने । | स्कोरिङ स्केल (अधिकतम स्कोर ५)<br><br>क) अङ्क ५: बजार नेतृत्व गर्ने क्षमता, विस्तारमा उत्कृष्ट सम्भावना।<br><br>ख) अङ्क ४: विस्तारका लागि स्पष्ट मार्ग (उच्च सम्भावना) ।<br><br>ग) अङ्क ३: मध्यम विस्तारक्षमता, नयाँ बजार पुग्ने अवसर ।<br><br>घ) अङ्क २: विस्तारमा चुनौती, सीमित सम्भावना ।<br><br>ङ)अङ्क १: विस्तार गर्ने सम्भावना न्यून । |
| ६ | नवीनता | व्यव्सायले आफ्नो व्यवसायमा चक्रिय अर्थतन्त्रका, योजना र पहलहरू समावेश गर्ने इच्छा र क्षमताको प्रदर्शन गरेको हुनुपर्ने - वर्तमान उत्पादन र सेवाहरू, र चक्रिय अर्थतन्त्र को ज्ञान र बुझाइँ । व्यव्सायले नविन्तम र रचनात्मक तरिकाहरूमा पुनर्विचार, पुनःचिन्तन, पुनःचक्रण, पुनःउपयोग, पुनःउद्देश्य, वा नवीन प्रविधिहरू प्रयोग गर्ने क्षमताको प्रदर्शन गरेको । | स्कोरिङ स्केल (अधिकतम स्कोर ५)<br><br>क) स्कोर ५: कम्पनीसँग उच्च स्तरको नवप्रवर्तन रहेको जसमा चक्रिय व्यवसायिक विचारहरू एकीकृत गरिएको र परियोजनाबाट उनीहरू आफ्ना सदस्यहरूलाई कम्पनीको चक्रिय व्यवसाय मोडेललाई सुदृढ बनाउन सक्षम भएको ।<br><br>ख) स्कोर ४: कम्पनीसँग चक्रिय समाधान भएको जसले पुनर्विचार, पुनःचक्रण, पुनः प्रयोग, र पुनःउपयोगको नवीनतम सोच प्रयोग गर्दै आएको । परियोजना मार्फत कम्पनी आफ्नो समाधानलाई प्रोटोटाइप/परीक्षण गर्न इच्छुक ।<br><br>ग) स्कोर ३: कम्पनीले आफ्नो व्यवसाय मोडेलमा चक्रियता समावेश गर्न इच्छाशक्ति देखाएको साथै उनीहरू चक्रिय व्यवसाय मोडेलतर्फ सिक्न र नवप्रवर्तन गर्न खोजिरहेका ।<br><br>घ) स्कोर २: कम्पनीले अझै नवप्रवर्तनको सम्भावना नदेखाएको तर चक्रीय अर्थतन्त्रबारे सिक्न इच्छुक ।<br><br>ङ) स्कोर १: कम्पनीले आफ्नो व्यवसाय मोडेलमा चक्रियाता अबलम्बन गर्नका लागि कुनै पहल गरेको नगरेको । |


kathmandu@impacthub.net // +९७७-१-५४३०२२९ // PAN नं. ६०३५७०२१२
वडा नं. ३, पुल्चोक, ललितपुर, नेपाल

* मापदण्ड ६ मा उच्च अंक ल्याउने कम्पनीहरूलाई प्राथमिकता दिइनेछ; चक्रिय अर्थतन्त्रको दृष्टिकोण र प्रारम्भिक प्रयासहरु आफ्नो व्यवसायमा एकीकृत गर्ने ज्ञान, बुझाइ र सम्भावना देखाउने आवेदकहरूलाई थप ५ अंक दिइनेछ ।

मंजूरी पुष्टि :

इम्प्याक्ट हब काठमाण्डौ (IH KTM) ले आवेदनहरूको संख्यामा कमी भएको खण्डमा आवेदन आह्वान रद्द गर्ने र पुनः आह्वान गर्ने अधिकार सुरक्षित राख्दछ ।

आवेदन पेश गर्नको लागि:

कृपया तल दिइएको लिंकमा क्लिक गर्नुहोस् र आवेदन भर्नुहोस् ।
गुगल फर्म लिंक: https://forms.gle/y9VnZythEnpK5xVRA
आवेदनको अन्तिम मिति: १७ चैत्र २०८२ वि. स. ( ३१ मार्च, २०२६) | राति ११.५९ बजे (नेपाली समय)


kathmandu@impacthub.net // +९७७-१-५४३०२२९ // PAN नं. ६०३५७०२१२
वडा नं. ३, पुल्चोक, ललितपुर, नेपाल